# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या ४ पौष २७ गते, २०७६ साल


# भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँसभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरि एको छ।**

# संवत् २०७६ सालको ऐन नं. ४

## मादी गाउँपालिकाको स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६

**प्रस्तावनाः**

स्थानीय जनताको वृहत् हितलाई हृदयङ्गम गरी मादी गाउँपालिका भित्रका स्थानीय श्रोत साधनको उपयोग, जग्गाको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय जनतालाई स्वरोजगार बनाउन तथा संमृद्धिका निम्ति स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन गर्न बनेको ऐन बनाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२३ बमोजिम गठित मादी गाउँपालिकाको गाउँसभाले धारा २२६(१) को अधिकार प्रयोग गरी मादी गाउँपालिकाको स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन गर्न बनेको ऐन जारी गरिएको छ ।

मादी गाउँपालिका कास्की

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मादी गाउँपालिकाको स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६" रहने छ ।

२. यो ऐन राजपत्रबाट पारित भएको मितिदेखि लागू हुने छ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन" भन्नाले मादी गाउँपालिका क्षेत्र भित्र रहेको प्राकृतिक स्रोत साधनलाई स्थानीय जनताको हितमा हुने गरी उपयोग तथा व्यवस्थापन गर्न भन्ने सम्झनु पर्छ ।

(क) "प्राकृतिक स्रोत" भन्नाले मादी गाउँपालिका क्षेत्र भित्रका जैविक, खनिज, वन जंगल, पोखरी, नदीनाला, माटो, ढुङ्गा, बालुवा तथा वनजन्य जडीबुटी आदि लगायत  स्रोतलाई सम्झनु पर्छ ।

(ख) "भूमि" भन्नाले मादी गाउँपालिकाको क्षेत्राधिकार भित्रको व्यक्तिको नम्बरी, नेपाल सरकारको सार्वजनिक, ऐलानी, पर्ती, सरकारी वन, सामुदायिक वन, कबुलियती वन, पोखरी, सडक, बुट्यान तथा चौपायाको खर्क चरन आदि जग्गालाई जनाउँछ ।

(ग) "भू-उपयोग" भन्नाले यस ऐनको दफा ३(ख) को परिभाषा भित्रको जग्गालाई कृषि उत्पादन लगायत अन्य आय आर्जन गर्न सकिने दीर्घकालीन कार्य योजनाहरु तर्जुमा गरी स्थानीय स्तरमा नै स्वरोजगार बनाउनका लागि मध्यनजर गरी गाउँपालिकाको नेतृत्वमा भू-उपयोग लागू गरिने भन्ने जनाउँछ ।

(घ) "बाँझो जग्गा" भन्नाले खन-जोत नगरी कुनै कमाईमा नलगाई खाली राखेको जग्गा भन्ने सम्झनु पर्छ ।

(ङ) "खर्क वा चरनको जग्गा" भन्नाले मालपोत कार्यालयमा दर्ता गराई वा नगराई खर्क, खर्क चोक आदि कुनै नामले पशु चरनलाई मात्र प्रयोग गरी आएको जग्गालाई सम्झनु पर्छ ।

(च) "खनिज पदार्थ" भन्नाले मादी गाउँपालिका भित्र जमिनको सतह वा भूगर्भभित्र पाइने कुनै निश्चित भौतिक गुण तथा तत्व वा पदार्थ सम्झनु पर्छ ।

(छ) "खोज तलास कार्य" भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदिको सम्भाव्यताको अध्ययन भन्ने सम्झनु पर्छ।

मादी गाउँपालिका, कास्की

(ज) “उत्खनन्” भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) “अनुमति प्राप्त व्यक्ति” भन्नाले खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ञ) “खनिज क्षेत्र” भन्नाले खनिज कार्य गर्ने अनुमतिपत्रमा उल्लेखित क्षेत्र सम्झनु पर्छ ।

(ट) “निकासी” भन्नाले मादी गाउँपालिका क्षेत्रबाट कुनै पनि सामग्री अन्यत्र लैजाने भन्ने सम्झनु पर्छ ।

(ठ) “पर्यटन प्रबर्धन” भन्नाले पर्यटकहरुलाई हिँड्ने बाटोको सुविधा र खाना बस्नको सुविधाका लागि पर्यटन व्यवसायको सम्भाव्यताको अध्ययन, अनुसन्धान, तथा व्यवस्थापनको विकासलाई भन्ने सम्झनु पर्छ ।

(ड) “सभा सम्मेलन हल तथा खेलकुद” भन्नाले गाउँपालिकाले व्यवस्था गरेको छुट्टै सभा हल र खेलकुद मैदान भन्ने सम्झनु पर्छ ।

(ढ) “औद्योगिक क्षेत्र” भन्नाले मादी गाउँपालिका भित्र छुट्टा छुट्टै औद्योगिक क्षेत्र भनी तोकिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ण) “चकलावन्दी” भन्नाले जग्गालाई एकिकृत गरी भू-वनोटको आधारमा व्यक्ति विशेषको र सरकारी पर्ती जग्गाहरुको छुट्टाछुट्टै वर्गीकरण गरी तत् तत् क्षेत्र र ठाउँमा बस्ति विकास, कृषि उत्पादन, औद्योगिक क्षेत्र र पर्यटकीय क्षेत्र छुटाई गाउँपालिकाको कार्ययोजनामा चकलावन्दी गरिने भन्ने सम्झनु पर्छ ।

(त) “लीज” भन्नाले व्यक्ति विशेषको नम्बरी जग्गा, सरकारी ऐलानी, बुट्यान, पर्ती जग्गाहरुलाई व्यवस्थित गरी आयमूलक तथा उत्पादनशील कार्यमा लगाउनका निम्ति जग्गा लीजमा लिई अरु कुनै फर्म, कम्पनी, तथा व्यक्तिलाई निश्चित समय अवधिसम्मका लागि गाउँपालिकाले लिने र दिने कार्य भन्ने सम्झनु पर्छ ।

(थ) “वन ” भन्नाले पूर्ण र आंशिक रुपमा रुखहरुले ढाकिएको क्षेत्रलाई बुझाउँदछ ।

(द) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको काठ, दाउरा, गोल, खैकचोक, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, रुख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी, सबै प्रकारको जङ्गली जडीबुटी, वनस्पति, चट्टान, माटो, ढुङ्गा, गिटी, बालुवा, पशुपन्छी, वा वन्यजन्तु भन्ने सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(ध) "चिहान" भन्नाले मानवको समाधि स्थल भन्ने सम्झनु पर्छ ।

(न) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम बनेको मादी गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(प) "वडा कार्यालय" भन्नाले मादी गाउँपालिका भित्रका वडा कार्यालय सम्झनु पर्छ ।

(फ) "कार्यालय" भन्नाले मादी गाउँ कार्यापालिकाको कार्यालयलाई बुझाउँदछ र सो शब्दले वडा कार्यालय समेतलाई जनाउँदछ ।

(ब) "कार्यपालिका" भन्नाले मादी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(भ) "अध्यक्ष" भन्नाले मादी गाउँपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ ।

(म) "उपाध्यक्ष" भन्नाले मादी गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ ।

(य) "वडा अध्यक्ष" भन्नाले मादी गाउँपालिकाको वडा अध्यक्ष भन्ने सम्झनु पर्छ ।

(र) "वडा सदस्य" भन्नाले मादी गाउँपालिका भित्रका वडा सदस्य भन्ने सम्झनु पर्छ ।

(ल) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई काम काज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(व) "वडा सचिव" भन्नाले गाउँपालिका वडा सचिवलाई सम्झनु पर्छ ।

(श) "आयोजना" भन्नाले गाउँपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण र आंशिक लागत साझेदारीमा सञ्चालित योजना, कार्यक्रम वा परियोजनालाई सम्झनु पर्छ । साथै गाउँसभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्था वा उपभोक्ता समितिको आयोजना समेतलाई जनाउँदछ ।

(ष) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार आदि कार्य गर्नका लागि गरिने लिखित करारनामा वा कबुलियतनामालाई जनाउँदछ

(स) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ऐन, नियम, मापदण्ड वा सम्बन्धित विषयमा प्रचलित कानुनमा तोकिए बमोजिम सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद -२
## स्थानीय स्रोत साधन उपयोग तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

४. **जग्गा सम्बन्धी व्यवस्था** (१) यस ऐनको परिभाषा ३(ख) भित्रको जग्गालाई कृषि उत्पादन लगायत अन्य आय आर्जन गर्न सकिने दीर्घकालीन कार्य योजनाहरु तर्जुमा गरी स्थानीय क्षेत्रमा नै स्वरोजगार बनाउन पालिकाबासीको वृहत हितलाई मध्यनजर गरी मादी गाउँपालिका क्षेत्र भित्रका स्रोत साधन उपयोग तथा व्यवस्थापन देहाय बमोजिमको हुने छ । साथै केन्द्र र प्रदेशसँग अनुमति लिनु पर्नेमा अनुमति लिएर लागू गर्न सकिने छ ।

(२) उपदफा (१) मा उल्लेख भएको उपयोग सम्बन्धमा नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न बाधा पुऱ्याएको मानिने छैन भन्ने दिएको अधिकार भित्र रहने गरी नेपाल सरकार अन्तर्गत स्थानीय सरकार समेत जनाउने भएकोले यस मादी गाउँपालिका क्षेत्र भित्रको सरकारी सार्वजनिक जग्गालाई समेत व्यवस्थित गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(३) नेपालको संविधानले परिकल्पना गरिएको सरकार मध्ये स्थानीय सरकार पनि भएकोले आफ्नो गाउँपालिका क्षेत्र भित्र दर्ता नभएका जग्गा आवाद गर्न स्वीकृति दिन सक्ने छ र कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई आवाद गर्न हुँदैन, गरेमा गाउँपालिकाले रोक लगाउन सक्ने छ ।

(४) जग्गाको वर्गीकरण गरी ग्रामीण र शहरी क्षेत्र छुट्टा छट्टै वर्गीकृत गरी कृषि, पशुपालनको खर्क-चरन, बस्ती विकास, हाट बजार, पर्यटन र अन्य व्यवसायका लागि गाउँपालिकाले नियमावली बनाई लागू गर्न सकने छ ।

(५) मादी गाउँपालिका क्षेत्र भित्र कुनै पनि परियोजना सञ्चालन गरे वापत सामाजिक दायित्व अन्तर्गत प्रभावित क्षेत्रको सडक, शिक्षा, स्वास्थ्य, सिँचाई, खानेपानी र रोजगारको लागि सहमति गर्ने तथा कार्यान्वयनका लागि गाउँपालिकाको अध्यक्षको नेतृत्वमा अनुगमन गर्न सकिने छ ।

(५) अभिलेख सम्बन्धी व्यवस्था : (१) गाउँपालिका भित्र रहेको सार्वजनिक, सरकारी, ऐलानी, पर्ती र व्यक्ति विशेषको जग्गाहरुलाई समेत एकीन गरी गाउँपालिकामा अभिलेख राख्न सक्ने छ ।

(६) खर्क चरन सम्बन्धी व्यवस्था : (१) खर्क चरणको उपभोगका लागि

स्थानीय सरकारलाई व्यवस्थित गर्न अधिकार भएकोले मादी गाउँपालिका क्षेत्र भित्रका खर्कहरुको व्यवस्था र संरक्षण गर्न  सक्ने छ ।

(२) उपदफा १ मा उल्लेखित खर्क सम्बन्धमा खर्क जग्गा नेपाल सरकारले प्रचलित कानुन बमोजिम छुट दिन सक्ने छ भन्ने व्यवस्था भएकोले निम्न उल्लेखित खेती तथा व्यवसाय गर्न बाधा भएको मानिने छैन :

(क) फलफूल खेती,
(ख) पशुपालन,
(ग) जडीबुटी खेती,
(घ) चिया खेती,
(ङ) कफी खेती,
(च) अलैची

(३) उपदफा २ मा उल्लेखित भए बमोजिमको व्यवसायिक खेती समेत गर्न बाधा भएको मानिने छैन । तर अन्य प्रचलित कानुनले रोक लगाएको खेती गरेमा गाउँपालिकाले तुरुन्त प्रतिबन्ध लगाउन सक्ने छ ।

(४) व्यवसायिक खेती र खर्क चरन प्रयोग गरे वापत गाउँपालिकाले शुल्क लगाउन सक्ने छ । शुल्क समय समयमा गाउँपालिकाले तोके बमोजिमको हुन सक्ने छ ।

(५) मादी गाउँपालिका क्षेत्र भित्र पशुचरन खर्क जग्गामा पशुपालन व्यवसाय गर्न र व्यवसायिक खेती गर्न गाउँपालिकाबाट स्वीकृति लिनु पर्ने छ । यदि नलिई गरेमा गाउँपालिकाले जरिवाना वा व्यवसाय गर्न रोक लगाउन सक्ने छ ।

(७) सरकारी तथा सार्वजनिक जग्गा सम्बन्धी व्यवस्था : (१) मादी गाउँपालिका क्षेत्र भित्रको सरकारी तथा सार्वजनिक जग्गालाई वृहत हितमा हुने गरी गाउँपालिकाकोले व्यवस्थित गरी आयमूलक क्षेत्रमा उपयोग गर्न बाधा भएको मानिने छैन ।

(२) उपदफा १ मा उल्लेख भएको जग्गा दफा ८ नं. बमोजिम लीजमा दिन सक्ने छ र त्यसबाट आएको आम्दानी गाउँपालिकाको कोषमा जम्मा हुने छ र गाउँपालिकाले आवश्यकता अनुसार विकास तथा सामाजिक क्षेत्रमा खर्च गर्न सक्ने छ ।

(८) लीज (lease) सम्बन्धी व्यवस्था : (१) प्रदेश सरकारसँग स्वीकृति लिएर व्यक्ति विशेष र सरकारी तथा सार्वजनिक जग्गा लीज (lease) मा लिन र दिन सक्ने छ । लीज सम्झौता गर्दा, गाउँपालिकाले निर्धारण गरेका रकम

मादी गाउँपालिका, कास्की

बमोजिम हुने गरी लीज/करार गर्न सकिने छ। लीज करारमा हस्ताक्षर गर्ने व्यक्ति गाउँ कार्यपालिकाले तोकिएको व्यक्तिले मात्र सम्झौता गर्न सक्ने छ।

(२) उपदफा १ मा लीज सम्झौता सम्बन्धमा सरकारी, सार्वजनिक, पर्ती, तथा ऐलानी जग्गाहरु गाउँका जनताहरुलाई प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाले वडा अध्यक्ष समेतको रोहबरमा व्यक्ति, फर्म, कम्पनीलाई कृषिजन्य खेती वा पर्यटन व्यवसाय वा कुनै व्यवसाय गर्नका लागि लीजमा दिन सक्ने छ।

(३) गाउँपालिका र निजी क्षेत्रका व्यक्ति कम्पनीसँग मिलेर साझेदारी कार्य गर्न सक्ने छ तर गाउँपालिकालाई बुझाउनु पर्ने निश्चित मासिक वा वार्षिक लीज भाडा वापतको रकम वा शुल्क भने गाउँपालिका र सम्बन्धित व्यक्ति वा कम्पनी बिच सम्झौता भए बमोजिमको हुने छ ।

(४) लीजमा लिएको जग्गामा भौतिक संरचना निर्माण गर्नु परे, गाउँपालिकाबाट भौतिक संरचनाको नक्शा डिजाइनको स्वीकृति लिनु पर्ने छ र तोकिएको क्षेत्रमा मात्र भौतिक संरचना निर्माण गर्न सक्ने छ। उक्त कार्यको लागि लीज करार अवधि ३० वर्षसम्मको हुने छ र उक्त तोकिएको समय समाप्त भएपछि सबै भौतिक संरचना स्वत गाउँपालिकाको स्वामित्वमा सर्ने छ।

(९) जग्गा चक्लाबन्दी सम्बन्धी व्यवस्था : (१) मादी गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्ति विशेषको जग्गालाई एकिकरण गरी लिएर चक्लाबन्दी गर्न सकिने छ।

(२) उपदफा १ मा उल्लेख भएको जग्गा र गाउँपालिका भित्र रहेको सार्वजनिक सरकारी जग्गालाई उपयोगमा ल्याउनका निम्ति प्रदेश सरकारसँग अनुमति लिएर चक्लाबन्दी गरी कृषि, उद्योग, होटल, पशुपालन र उर्जा सम्बन्धी छुट्टा छुट्टै रुपमा स्थानीय जनताको हितमा हुने गरी कार्य गर्न बाधा भएको मानिने छैन।

(३) मादी गाउँपालिका क्षेत्र भित्रका जग्गा एकिकृत गरी जनताहरुको जिउँ धन सुरक्षाको निम्ति बाढी पहिरोको कारणले असुक्षित भई राखेको जनता तथा टाढा टाढा घर गाउँ भएकाहरुलाई एकै ठाउँमा बस्ती विकास गरी गाउँका जनताको जीवन स्तर माथि उठाउनका निम्ति भू-बनोटलाई अध्ययन गरी बस्ती विकासको व्यवस्था गर्न सकिने छ।

**१०. जग्गा अधिग्रहण गर्ने सम्बन्धी व्यवस्था :** (१) व्यक्ति विशेषको जग्गा अधिग्रण गर्नु परे जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम नेपाल सरकारले सार्वजनिक हितका

मादी गाउँपालिका, कास्की

लागि अधिग्रहण गर्न सक्ने छ भन्ने व्यवस्था भए बमोजिम गाउँपालिकालाई आवश्यक पर्ने व्यक्ति विशेषको जग्गा सार्वजनिक हितका लागि जग्गा प्राप्ति ऐन अनुसार जग्गा अधिग्रहण गर्न सक्ने छ ।

(२) उपदफा १ बमोजिम जग्गा अधिग्रहण गरिएको जग्गा, जग्गा धनीहरुले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा दावी गर्न आफ्नो हकदैया वा भोग चलनको निस्सा प्रमाण सहित गाउँपालिकामा निवेदन गर्न कम्तीमा १५ दिनको म्याद भित्र दावी गर्न सक्ने छ । अधिग्रहण गरिएको जग्गाको मूल्य चलन चल्तीको पञ्चकृर्ते मूल्याङ्कन कायम गरी मुआब्जा वितरण गर्न सक्ने छ ।

११ **जग्गा बाँझो सम्बन्धी व्यवस्था :** (१) मादी गाउँपालिका भित्रका व्यक्तिहरुले जग्गा बाँझो राख्न पाइने छैन । जग्गा बाँझो राखेमा गाउँपालिकाले उत्पादनका लागि कसैलाई कमाउन वा लीजमा दिन सक्ने छ । यसरी लीजमा दिएको जग्गाको आम्दानी सम्बन्धित व्यक्ति र गाउँपालिका बिच आधा आधा गर्न सक्ने छ वा दुवै पक्ष बिचको सहमति अनुसार हुन सक्ने छ ।

(२) जग्गा बाँझो राख्नुको सट्टा जग्गाको चकला मिलाएर वडा कार्यालय वा गाउँपालिका कार्यालयलाई निश्चित अवधि लागि दुवै पक्षहरुको सहमतिमा रकम निर्धारण गरी लीज करारमा लिन दिन सकिने छ ।

## परिच्छेद-३
## पर्यटन सम्बन्धी व्यवस्था

१२. **पर्यटन सम्बन्धी व्यवस्था :** (१) मादी गाउँपालिका क्षेत्र भित्र पर्यटनको विकास गरी सर्बसाधारण जनताको आर्थिक उन्नतिका लागि बाह्य वा आन्तरिक पर्यटकहरुका निम्ति स्वास्थ्य उपचार सुविधा, बाटो हिड्नका लागि सुविधा, होटल, लज तथा रेष्टुराँ बारमा बस्न खानाको लागि सुविधाको व्यवस्था गरी आय आर्जन गर्न स्थानीय जनताहरुलाई गाउँपालिकाले उत्पेरित गर्न सक्ने छ । साथै केन्द्र र प्रदेशसँग अनुमति लिनु पर्नेमा अनुमति लिएर लागू गर्न सकिने छ ।

(२) उपदफा १ बमोजिम मादी गाउँपालिका भित्र पर्यटकको धेरै सम्भावना रहेकोले पर्यटन विकास र प्रवर्द्धनका लागि पैदल पथ मार्ग बनाउन, केवलकार लगायतको बाटो र बस्न खानाको लागि सुविधायुक्त होटलहरुको व्यवस्थापन गर्न स्थानीय जनताहरुको सक्रियतामा विशेष कार्यक्रमहरु लागू



मादी गाउँपालिका, कास्की

गर्न सकिने छ ।

(क) पर्यटन विकासका लागि आवश्यक पूर्वधार तयार गर्न गाउँपालिकाको समन्वयमा आवश्यकता अनुसार सरकारी तथा निजी क्षेत्रबाट पनि उक्त कार्य गर्न सकिने छ ।

(ख) यसै ऐनको दफा ७ मा उल्लेख भएको जग्गामा होटल व्यवसाय गर्नका लागि होटल निर्माण गर्न, कृषि फर्म सञ्चालन गर्न, पशुपालन गर्न, सामुदायिक भवन निर्माण गर्न अन्य उद्योग व्यवसाय गर्नका निम्ति लीज करारमा दिन बाधा भएको मानिने छैन ।

**(१३) स्वीकृति लिनु पर्ने :** (क) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीहरुले मादी गाउँपालिका क्षेत्र भित्र ट्रेकिङ्ग व्यवसाय सञ्चालन गर्न स्वीकृति लिनु पर्ने छ ।

(ख) मादी गाउँपालिका क्षेत्र भित्र ट्रेकिङ्ग व्यवसाय सञ्चालन गर्न गाउँपालिकाले तोकिए बमोजिमको शुल्क लिइने छ ।

(ग) आन्तरिक तथा विदेशी पर्यटकहरुलाई गाउँपालिकाले तोकिए बमोजिमको शुल्क छुट्टा छुट्टै लिन सक्ने छ ।

(घ) गाउँपालिकालाई बुझाउनु पर्ने शुल्कको दररेट सम्बन्धमा ठाउँ ठाउँमा सूचना पाटीको बोर्ड राखिने छ र चेक पोष्ट समेत ठाउँ ठाउँ राख्न सक्ने छ ।

**१४. होटल खोल्न अनुमति लिनु पर्ने व्यवस्था :** (१) कुनै व्यक्ति वा कम्पनीले होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गर्न अनुमतिका लागि गाउँपालिकामा दरखास्त दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गराउन चाहने व्यक्ति, फर्म तथा कम्पनीहरुले कुन प्रकारको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गर्न खोजिएको हो, सुविधाको आधारमा नियमावलीमा निर्धारण गरिए बमोजिमको वर्गीकरण गरी दर्ता गर्न सकिने छ ।

(३) उपदफा २ बमोजिमको होटल, लज र रेष्टुराँ वा बार दर्ता गर्न गाउँपालिकाले समय समयमा तोकिए बमोजिमको शुल्क लाग्नेछ ।

(४) पर्यटन व्यवसायको लागि सरकारी तथा सार्वजनिक जग्गामा होटल, लज निर्माण गर्न सकिने छ तर गाउँपालिकाले निश्चित अवधिको लागि लीजमा दिन सक्ने छ । उक्त जग्गा लीजमा दिए वापतको भाडाको रकम गाउँपालिकालाई लीज/करारमा उल्लेख भए अनुसार बुझाउनु पर्ने छ ।

(५) होटलका लागि निर्माण हुने घरहरु निर्माण गर्नु पूर्व नक्शा डिजाइन गाउँपालिकाको घर नक्शा शाखाबाट स्वीकृति गराउनु पर्ने छ । स्वीकृति

मादी गाउँपालिका, कास्की

नलिई कुनै पनि पूर्वधार निर्माण गर्न पाउने छैन । यदि निर्माण गरेमा गाउँपालिकाले तुरुन्त हटाउने आदेश दिन सक्ने छ ।

(६) गाउँपालिकाले निर्धारण गरेको मापडण्ड बमोजिम हुने छ । पालिका क्षेत्र भित्र होटल, लज, रेष्टुराँ, आदि सञ्चालन गर्दा पर्यावरणमा असर नपर्ने गरी प्रचलित मापडण्ड अनुसार मात्र सञ्चालन गर्न सक्ने छ ।

(७) गाउँपालिकाले समय समयमा तत् सम्बन्धी मापडण्ड बनाई लागू गर्न सक्ने छ र मापडण्ड विपरित भएको पाएमा पहिलो पटक भए चेतावनी सहित जरीवाना गर्न सक्ने छ । अझ वेवास्ता गरेमा होटल तथा रेष्टुराँ बार नै बन्द गर्न गराउन सक्ने छ ।

१५. **स्तर निर्धारण समितिको गठन :** (१) होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई वर्गीकरण गर्न एउटा छुट्टै ३ सदस्यीय सुझाव समिति गठन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा गाउँपालिकाले देहाय बमोजिमको गठन गर्न सक्ने छ :

(क) गाउँपालिकाको वडा सदस्यहरु मध्ये

-संयोजक

(ख) स्थानीय आमा समूहको अध्यक्ष

-सदस्य

(ग) स्थानीय युवा क्लबको अध्यक्ष

-सदस्य

(३) गठित समितिको अधिकार निरीक्षण वा परीक्षण गर्ने अधिकार हुने छ । गाउँपालिकाले दफा १६(२) बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण गर्न गराउन र प्रयोग गरिने सामानहरुको परीक्षण गर्न गराउन सक्ने छ ।

(४) कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण गर्दा तोकिएको स्तर अनुसार नभएमा समितिले तोकिएको स्तर कायम गर्न पहिलो पटक भए सचेत गराई स्तर उन्नतिका लागि म्याद दिन सक्ने छ, दोस्रो पटक भएमा स्तर वा वर्गीकरण घटाई दिन सक्ने छ, तेस्रो पटक भएमा स्तरको वर्गीकरण निलम्बन गर्न सक्ने छ र चौथो पटक भएमा दर्ता खारेज गर्न गाउँपालिकालाई सिफारिस गर्न सक्ने छ ।

(५) गाउँपालिका भित्र होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता नगरी सञ्चालन गर्न पाइने छैन । यदि गरेको पाइएमा तुरुन्त बन्द गरी मनासिव जरीवाना समेत गाउँपालिकाले गर्न सक्ने छ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

(६) गाउँपालिका क्षेत्र भित्र होमस्टे सञ्चालन भइरहेको र नयाँ होमस्टे सञ्चालन गर्न आवश्यक व्यवस्थापन गरी पर्यटकहरुलाई आर्कषण गर्न सक्ने छ ।

(७) होमस्टेमा बस्न र खानाको लागि दर रेट तोकी देखिने ठाउँमा टाँस गरी राख्नु पर्ने छ । साथै होमस्टे दर्ता गरेर मात्र सञ्चालन गर्न सक्ने छ ।

(८) होमस्टे सञ्चालन वापतको शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम हुन सक्ने छ ।

माद्री गाउँपालिका, कास्की

## परिच्छेद-४
## कृषि व्यवसाय सम्बन्धी व्यवस्था

१६. **कृषि व्यवसाय सम्बन्धी व्यवस्था :** (१) व्यवसायिक कृषि फर्म संचालन गर्न वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिने छ ।

(२) उपदफा १ बमोजिम व्यवसायिक कृषि फर्म सञ्चालन गर्न नगदे बाली तथा धान खेती, मकै खेती, कोदो खेती, गहुँ र जौ खेती भएकोले मादी गाउँपालिकाका कृषकहरुलाई बाली लगाउनका निम्ति प्रोत्साहित गरिनेछ र कृषि खेती हुने जग्गाको वर्गीकरण गर्न सकिने छ ।

(३) कृषकलाई विउँ तथा मल आदिको समेत व्यवस्था गाउँपालिकाले गर्न सक्ने छ र समयमा नै खेती बाली लगाउनका लागि सिँचाई नभएको ठाउँमा सिँचाईको व्यवस्था  गर्न सक्ने छ ।

(४) व्यवसायिक कृषि खेतीको लागि गाउँपालिकाले निर्धारण गरे बमोजिमको शुल्क लाग्नेछ ।

१७. **व्यवसायिक पशुपालन व्यवस्था :** (१) व्यवसायिक माछा पालन, कुखरा पालन, सुँगुर पालन, बाख्रा पालन, गाई फर्म, भैसी फर्म सञ्चालन गर्न अनुमति दिन सकिने छ । यस प्रकारको व्यवसाय सञ्चालनबाट गाउँका जनतालाई प्रतिकूल असर हुने गरी कुनै पनि व्यवसाय गर्न मनाही गरिनेछ । यदि गरिएमा गाउँपालिकाले सम्झौता भङ्ग गरी व्यवसाय गर्नबाट रोक लगाउन सक्ने छ ।

(२) उपदफा (१) मा उल्लेख भएको व्यवसाय गर्नका लागि अनिवार्य रुपमा गाउँपालिकामा फर्म दर्ता गर्नु पर्ने छ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएको व्यवसाय गर्नका लागि गाउँपालिकाले निर्धारण गरे बमोजिमको कर वा शुल्क तिरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिएर मात्र व्यवसाय सञ्चालन गर्न सक्ने छ ।

१८. **व्यवसायिक नगदे खेती :** (१) गाउँपालिकाले व्यवसायिक नगदे खेतीका लागि जग्गा एकिकृत गरी चकलाबन्दी मिलाई नगदेबाली लगाउन लीजमा व्यक्ति, फर्म वा कम्पनीलाई दिन बाधा भएको मानिने छैन ।

(२) गाउँपालिका भित्र नगदेबाली हुने खेतियोग्य जमिनमा सिँचाईको व्यवस्था गरी उत्पादन बढाउँनका लागि व्यवसायिक कृषि खेती गर्न स्वीकृति दिन सकिने छ  ।

मादी गाउँपालिका, कास्की

(३) व्यवसायिक नगदे खेती गर्न सरकारी सार्वजनिक तथा व्यक्ति विशेषको जग्गामा समेत खेती गर्न सक्ने भएकोले गाउँपालिकाले लीज करार गरी भाडामा दिन सक्ने छ ।

(४) व्यवसायिक नगदे खेती गर्नका लागि गाउँपालिकाले कर निर्धारण गरे बमोजिम लाग्नेछ ।

## परिच्छेद-५
## औद्योगिक क्षेत्र सम्बन्धी व्यवस्था

**१९ औद्योगिक क्षेत्र :** (१) गाउँपालिका भित्र छुट्टै औद्योगिक क्षेत्रको विकास गरिनेछ । जहाँ विभिन्न कलकारखानाहरु स्थापना गरी आर्थिक विकासमा टेवा पुऱ्याउने उदेश्यले मर्यादीत र व्यवस्थित रुपमा उद्योग सञ्चालनका लागि आवश्यक जग्गाको व्यवस्था गर्न सकिने छ ।

(२) उपदफा (१) मा उल्लेखित औद्योगिक क्षेत्रबाट उत्पादन हुने वस्तुको बजार व्यवस्थापन गर्न गाउँपालिकाले आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(३) गाउँपालिकाको जनताहरुको आर्थिक वृद्धिदर माथि उठाउनका लागि सामूहिक शेयर पूँजीको लगानीमा साना, मझौला तथा ठूला उद्योग तथा व्यवसाय सञ्चालन गर्न सकिने छ ।

**२०. उद्योग सञ्चालन :** (१) उद्योग, कालकारखाना वा व्यवसाय सञ्चालन गर्न गाउँपालिकाबाट स्वीकृत लिनु पर्ने छ । स्वीकृति नलिई सञ्चालन गरे १५ दिन भित्र दर्ता गर्न आहवान गरिने छ, १५ दिन भित्र पनि दर्ता गर्न नआए गाउँपालिकाले जरीवाना तोक्न सक्ने छ र जरीवाना तिरी दर्ता नगरेमा उद्योग सञ्चालनमा रोक लगाई प्रहरी प्रशासनको सहयोगमा उद्योग व्यवसाय बन्द गर्न आदेश दिन सक्ने छ ।

(२) उपदफा १ बमोजिम गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका उद्योग तथा व्यवसाय गर्ने कम्पनी वा व्यक्तिले कर्मचारी तथा मजदुर/कामदारहरुको नियुक्तिमा गाउँपालिकाका नागरिकहरुलाई विशेष प्राथमिकता दिनु पर्ने छ ।

(३) उद्योग, कल कारखाना वा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानुनको मापडण्ड अनुरुप हुनु पर्ने छ । उद्योग, कल कारखाना र व्यवसाय सञ्चालनबाट वातावरण प्रदुषण र स्थानीय जनताहरुलाई कुनै प्रकारको प्रतिकूल असर हुने गरी उद्योग सञ्चालन गर्न पाइने छैन ।

मादी गाउँपालिका, कास्की

(४) कुनै उद्योग, कल कारखाना सञ्चालन गर्दा मापदण्ड विपरित भएमा गाउँपालिकाले सुधार गर्ने मौका प्रदान गर्न सक्ने छ । यसरी सुधार गर्ने मौका दिंदा समेत वेवास्ता गरेमा गाउँपालिकाले तुरुन्त बन्द गर्न आदेश दिन सक्ने छ ।

**२१. खेलकुद सम्बन्धी व्यवस्था :** (१) मादी गाउँपालिका भित्र प्रत्येक वडाहरुमा खेल मैदान तथा सभा सम्मेलन हल निर्माण गर्न सकिने छ ।

(२) सभा सम्मेलन हल निर्माण गरी भाडामा दिन वडा कार्यालयले शुल्क निर्धारण गरी भाडामा समेत लगाउन सक्ने छ ।

## परिच्छेद-६
## खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था

**२२. खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका भित्र खानी तथा खनिज पदार्थको खोज तलास तथा उत्खनन् कार्य संघ, प्रदेश र स्थानीय तीनै तहको संविधानको अनुसूची -९ अन्तर्गत साझा सूचीमा रहेकोले स्थानीय तहको अधिकार प्रयोग गरी लागू गर्न सकिने छ ।

(२) उपदफा १ मा उल्लेख भएका साझा सूचीलाई मध्यनजर गर्दै गाउँपालिका भित्र खानी तथा खनिजको उत्खनन् तथा सञ्चालन सम्बन्धमा बाधा भएको मानिने छैन ।

(३) खानी तथा खनिज पदार्थ भन्नाले धातु, अधातु खनिज, अति महत्वपूर्ण खनिज, महत्वपूर्ण तथा बहुमूल्य खनिज र सामान्य खनिजको रुपमा वर्गीकृत गरी खनिज पदार्थलाई उत्खनन् गर्न सक्ने छ ।

**२३. खनिज उत्खनन् गर्ने अधिकार :** (१) राष्ट्रिय स्तरको बाहेक खनिज उत्खनन् गर्ने अधिकार गाउँपालिका क्षेत्र भित्र मादी गाउँपालिकालाई हुने छ ।

(२) उपदफा १ मा उल्लेख भएको अधिकार राष्ट्रिय स्तरको भएमा पनि गाउँपालिकाबाट सिफारिस लिएर मात्र खनिज उत्खनन् गर्न सक्ने छ ।

**२४. खनिज उत्खनन् गर्ने अनुमति :** (१) यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही खनिज उत्खनन् गर्न चाहने फर्म, कम्पनी तथा व्यक्तिहरुले खोजतलासको लागि गुणस्तर, तथा परिमाण एकीन गरी उत्खनन् कार्य गर्न गाउँपालिकामा अनुमतिको लागि नियमावलीमा तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात् गाउँपालिकाले आवश्यक जाँचबुझ गरी निवेदन दिने फर्म, कम्पनी तथा व्यक्तिलाई आर्थिक तथा प्राविधिक क्षमता भएकोसँग सम्झौता गरी तोकिएको दस्तुर वा शुल्क लिई खनिज उत्खनन् गर्ने कार्यको अनुमति दिन सक्ने छ ।

(३) गाउँपालिकाले खोजतलास कार्य गरी खनिज पदार्थ पत्ता लगाएको गुण र परिमाण एकीन गरी सकेको खनिज पदार्थको उत्खनन् कार्य गर्ने अनुमति लिन चाहने फर्म, कम्पनी तथा व्यक्तिसँग गाउँपालिकाले प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर पनि लिन सक्ने छ ।

२५ **खोजतलास अवधि :** (१) खोजतलास कार्यको प्रकृति र अवस्था हेरी गाउँपालिकाले बढीमा ३ बर्षको खोजतलास अवधि दिन सक्ने छ ।

(२) उपदफा १ मा उल्लेख भएको खोजतलासको अनुमति प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले ३ महिना भित्र तोकिएको शुल्क बुझाई नविकरण गर्नु पर्ने छ । नविकरण नगरिएमा अनुमति पत्र रद्ध गर्न सकिने छ ।

२६. **उत्खनन् सम्बन्धी अधिकार :** (१) कुनै व्यक्ति, कम्पनी तथा फर्मले उत्खनन् गर्ने अनुमति पाएको क्षेत्रमा मात्र उत्खनन् कार्य गर्न सक्ने छ ।

(२) खोजतलास गर्दै जदा अनुमति भन्दा बाहेकको अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी १५ दिन भित्र गाउँपालिकालाई जानकारी गराउनु पर्ने छ । साथै जसले त्यस्तो खनिज पदार्थ पत्ता लगाएको हो उसैलाई दिइने प्राथमिकतामा राखिनेछ ।

२७. **उत्खनन् अवधि :** (१) खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पूँजी लगानीको प्रक्षेपित प्रतिफलको आधारमा गाउँपालिका र सम्बन्धित पक्ष बिच सहमति भए बमोजिमको उत्खनन् अवधि दिन सक्नेछ ।

२८. **अनुमति-पत्रको नविकरण :** (१) प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले ३ महिना भित्र उत्खनन्को विवरण पेश गरी तोकिएको शुल्क बुझाई नविकरण गर्नु पर्ने छ । नविकरण नगरिएमा अनुमति-पत्र रद्ध गर्न सकिने छ ।

२९. **खनिज कार्यको सञ्चालन :** (१) अनुमति प्राप्त फर्म, कम्पनी तथा व्यक्तिले खनिज कार्यको सञ्चालन अनुमति पत्र प्राप्त गरेको मितिले ३ महिना भित्र उत्खनन् कार्य शुरु गर्नु पर्ने छ ।

३०. **ढुङ्गा खानी सञ्चालन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका भित्रका ढुङ्गा खानी सञ्चालनलाई व्यवस्थित तथा नियमन गर्नका लागि सञ्चालन भइराखेका ढुङ्गा खानी र नयाँ खानी सञ्चालन गर्न गाउँपालिकाबाट स्वीकृति लिनु पर्ने छ ।

(२) ढुङ्गा खानीको वर्गीकरण देहाय बमोजिम हुने छ ।

(क) छाना छाउनमा प्रयोग हुने,

(ख) घरको भित्तामा प्रयोग हुने,

(ग) वाल पर्खालमा प्रयोग हुने ढुङ्गा

(घ) खरी ढुङ्गा तथा चुन ढुङ्गा र

(ङ) ढुङ्गा, गिटी, बालुवा र क्रसरको धुलो आदि ।

(३) उपदफा (२) मा उल्लेख भएको ढुङ्गा खानीको प्रकार वा स्तर अनुसार गाउँपालिकाले शुल्क तोक्न सक्ने छ ।

(४) गाउँपालिकाले ढुङ्गा खानी सञ्चालन गर्न अनुमति दिंदा ढुङ्गा खानी सञ्चालकहरुसँग शर्तहरुको पालना गर्ने गरी निर्धारण गर्न सकिने छ ।

(५) ढुङ्गा खानी सञ्चालनको लागि गाउँपालिकाले निर्धारण गरेको शर्तहरुको उल्लङ्घन गरिएमा गाउँपालिकाले जरीवाना गर्न र खानी सञ्चालनमा रोक लाउन समेत सक्ने छ ।

३१. **निषेधित क्षेत्र :** (१) राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, तथा ऐतिहासिक महत्वको कुनै पनि क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा विशेष शर्तहरु तोकी खनिज कार्य गर्नका लागि गाउँपालिकाले अनुमति दिन सक्ने छ ।

(२) राष्ट्रिय सुरक्षा, ऐतिहासिक महत्व तथा ठूलो परिमाणमा त्यस क्षेत्रबाट उत्खनन् गर्नु पर्ने भए प्रदेश वा संघलाई स्वीकृतिको लागि सिफारिस गरी पठाउने कार्य गर्न सक्ने छ ।

३२. **वातावरणमा प्रतिकूल असर पार्न नहुने :** (१) खनिज उत्खनन् गर्दा वातावरणलाई कुनै प्रतिकूल असर नपर्ने गरी उत्खनन् कार्य गर्नुपर्ने छ ।

(२) ढुङ्गाखानी स्वीकृति लिनुपूर्व सम्वन्धित पक्षले वातावरणीय प्रभाव मुल्यांकन गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

(३) ढुङ्गा खानी संचालन गर्दा हेवी इक्वुमेन्ट र विस्फोटक पदार्थ प्रयोग गर्न पाईने छैन ।

३३. **खनिज पदार्थको निर्यात :** (१) खोलाबाट निस्कने बालुवा, ढुङ्गा, गिटी, रोडा र खनिज पदार्थ निर्यात गर्न सक्ने छ ।

(२) कानुनले प्रतिबन्ध लगाएको बाहेक अन्य अवस्थामा अनुमति प्राप्त फर्म, कम्पनी तथा व्यक्तिले आफ्नो उत्खनन् गरेको खनिज पदार्थ तोकिए बमोजिमको शुल्क बुझाई निर्यात गर्न सक्ने छ ।

(३) भू-क्षय र पर्यावरणमा नै प्रतिकूल असर हुने गरी ढुङ्गा खानी तथा अन्य

खनिज उत्खनन् सञ्चालन गर्न प्रतिबन्ध लगाउन सकिने छ ।

**३४. रोयल्टी तथा अन्य दस्तुर :** (१) खानी तथा खनिज पदार्थको रोयल्टी, निकासी दस्तुर गाउँपालिकाले तोकिए बमोजिम लिन सक्ने छ ।

**३५. शुल्क सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानुनमा निषेधित क्षेत्र बाहेक अन्य क्षेत्रमा रहेको कुनै पनि जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी रुपमा आवश्यक भए देहाय बमोजिमको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिने छ ।

(क) सार्वजनिक, सरकारी वा पर्ती जग्गा भए गाउँपालिकाले तोकिए बमोजिमको भू-शुल्क लिन सक्ने छ ।

(ख) व्यक्ति विषेशको जग्गामा खनिज पदार्थ भेटिएमा त्यो खनिज पदार्थ गाउँपालिका वा राष्ट्रको हुने भएकोले प्रचलित ऐन बमोजिम अधिग्रहण गरी वा भू-बहाल सम्बन्धित जग्गा धनीहरुलाई दिई खानी सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

**३६. विष्फोटक पदार्थ प्रयोग गर्न सक्ने :** (१) निर्माण कार्यको लागि चाहिने विष्फोटक पदार्थहरु अनुमति प्राप्त कम्पनी तथा व्यक्तिले नेपाल सरकारले बेला बेलामा निर्णय गरे अनुसार शर्त र प्रचलित कानुन बमोजिममा रही पैठारी, सञ्चय, ओसार-पसार र प्रयोग गर्नका लागि गाउँपालिकाको सिफारिसमा सम्बन्धित निकायबाट अनुमति लिएर मात्र विष्फोटक पदार्थ ओसार पसार र प्रयोग गर्न सक्ने छ ।

**३७. पैठारी सम्बन्धी व्यवस्था :** (१) मादी गाउँपालिका भित्र आवश्यक पर्ने लत्ता कपडा, खाने चीज वा वस्तुहरुको पैठारीमा शुल्क लाग्ने छैन, सो बाहेका सामानमा गाउँपालिकाले तोकिए बमोजिमको दस्तुर लिन सक्ने छ ।

**३८. दण्ड सजाय :** (१) गाउँपालिकाबाट कसैले यस ऐन बमोजिम स्वीकृति नलिई खनिज कार्य गरेमा खनिज कार्य बन्द गर्न सक्ने छ ।

(२) उपदफा १ मा उल्लेखित अनुमति नलिई वा गैर कानुनी कार्य गरेमा नेपाल सरकारको प्रचलित कानुन अनुसार दण्ड सजाय हुने छ ।

## परिच्छेद-८
## वन सम्बन्धी व्यवस्था

**३९. वन सम्बन्धी व्यवस्था :** (१) यस गाउँपालिका भित्रका पूर्ण र आंशिक वन



मादी गाउँपालिका, कास्की

क्षेत्र र वनमा रहेको वा पाइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, रुख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारको जङ्गली जडीबुटी, वनस्पति, चटान, माटो, ढुङ्गा, गिटी, बालुवा, पशुपन्छी, वा वन्यजन्तु लगायत वातावरण, पर्यावरण तथा जैविक विविधता सामुदायिक वन, र कबुलियती वन तथा धार्मिक वनको सम्वर्द्धन र संरक्षण, उपयोग तथा व्यवस्थापन गर्न सक्ने छ । केन्द्र र प्रदेशसँग अनुमति लिनु पर्नेमा अनुमति लिएर लागू गर्न सकिने छ ।

२. उपदफा (१) मा उल्लेख भए बमोजिमको वन सम्बन्धी कुनै प्रकारको प्रतिकूल असर पर्ने गरी कार्य गर्न पाइने छैन । यदि गरेमा प्रचलित कानुनअनुसार कारवाहीको लागि सिफारिस गर्न सक्ने छ ।

३. हरियाली पर्यावरणका लागि गाउँपालिका, वडा र संघ संस्थासँग समन्वय गरी वृक्षारोपन कार्य गर्न सकिनेछ ।

४. स्थानीय स्तरमा निजी वन तथा व्यवसायिक वन समेत गर्न सकिने छ तर गाउँपालिको अनुमति नलिई कुनै व्यवसाय गर्न सकिने छैन ।

५. नर्सरी, विरुवा उत्पादन, वितरण, रोपन गरी आवश्यक बगैँचाको स्थापना गर्न र बिक्री समेत गर्न सकिने छ ।

६. गाउँपालिकाले स्थानीय वन्यजन्तुको उद्यान (चिडियाखाना) सञ्चालन गर्न सकिने छ ।

७. स्थानीय जनताको लागि गाउँपालिकाले निर्धारण गरेको शर्तहरुको अधीनमा रही घाँस दाउराको लागि बाधा भएको मानिने छैन तर विना स्वीकृति रुख काट्न पाइने छैन । यदि विना स्वीकृति रुख काटेमा प्रचलित कानुन बमोजिम सजाय हुने छ ।

८. गाउँपालिकालाई प्रदूषणमुक्त बनाइने छ । कुनै पनि हानिकारक पदार्थहरुको नियन्त्रण गर्दै त्यस्तो चीज वस्तु वा पदार्थको सक्दो मनाही गरिनेछ ।

९. सामुदायिक वन र कबुलियती वनको अवधारणाबाट अभिप्रेरित हुँदै यसको बहु उपयोगीको रुपमा प्रयोग गर्न स्थानीय जनतालाई सहभागिता गराउन सकिने छ र वन पैदावरमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न, पर्यटन व्यवसाय सञ्चालन गर्न, कृषि वन बाली सञ्चालन गर्न, वन पैदावर उत्पादन गरी बिक्री वितरण गर्न गाउँपालिकबाट अनुमति लिई सञ्चालन गर्न सक्ने छ ।

१०. गाउँपालिका भित्र संरक्षणको लागि केन्द्रीय सरकार र प्रदेश सरकारबाट गरिने विशेष महत्वको आयोजना सम्बन्धमा बाहेक अन्य कुनै पनि संघ

संस्थाबाट संरक्षण गर्न भनी नियमन र नियन्त्रण गर्न सक्ने छैन । स्थानीय सरकारको अनुमतिमा मात्र गर्न सक्ने छ । अनुमति नलिए गाउँपालिकाले प्रतिबन्ध लगाउन सक्ने छ ।

४०. **जडीबुटी र जीवजन्तु सम्बन्धी व्यवस्था :** (१) मादी गाउँपालिका क्षेत्र भित्र वन जङ्गलमा पाइने जडी बुटी र जीवजन्तुहरु नेपालको प्रचलित कानुनले निषेधित गरेको बाहेक निकासी तथा पैठारी गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्दछ । यदि नलिई उक्त कार्य गरेको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको सामान जफत गरी विगो हेरी जरीवाना समेत गर्न सकिने छ ।

(२) गाउँपालिका भित्र जडीबुटीको खेती गरी उत्पादन गरेको र जङ्गलमा पाइने जडीबुटी संकलन गरी ल्याएको सामानको गाउँपालिकाले तोकिए बमोजिम फरक-फरक दस्तुर लगाउन सक्ने छ ।

(३) गाउँपालिका क्षेत्र भित्र व्यक्ति, संस्था वा कम्पनीले जडीबुटी, ऊन, खोटा वनकस (खर) निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको मासु, हाड, सिङ्ग, प्वाँख, छालाको व्यवसायिक उद्योग गरे वापत र जडीबुटी, कवाडी, तथा जीवजन्तु निकासी पैठारी गर्न गाउँपालिकाले तोके बमोजिम शुल्क बुझाई निकासी वा पैठारी गर्न सक्ने छ ।

## परिच्छेद-९
## चिहान सम्बन्धी व्यवस्था

४१. **चिहान सम्बन्धी व्यवस्था :** (१) आ-आफ्नो जातिको संस्कार, संस्कृति तथा धर्म अनुसार अन्त्यष्टि कार्यलाई असर पर्ने गरी भएको मानिने छैन । गाउँपालिकाले तोकिदिएको क्षेत्र तथा स्थानमा मात्र समाधि वा चिहान बनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम अन्त्यष्टि कार्य गरिदा मादी गाउँपालिका क्षेत्र भित्र सार्वजनिक, सरकारी तथा व्यक्ति विशेषको जग्गामा सिमेन्टेट समाधि बनाउन पाइने छैन,

तर परम्परागतको रुपमा समाधि बनाउदा वा दासंस्कार गर्न बाधा भएको मानिने छैन ।

(३) कसैले जर्बजस्त ढंगबाट सिमेन्टेट समाधि बनाएमा गाउँपालिकाले भत्काउन लगाई माटो ढुङ्गाको चिहान बनाउन आदेश दिन सक्ने छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद-१०
## सम्झौता सम्बन्धी व्यवस्था

४२. **सम्झौता :** (१) गाउँपालिकाको वडा अध्यक्षहरुले भू-उपयोग सम्बन्धि विषयमा सम्झौता गर्नु पर्नाका कारण सहित गाउँकार्यपालिका समक्ष सिफारिस गरी पठाउन सक्ने छन् र गाउँकार्यपालिकाले समेत स्थानीय जनताको हितमा छ छैन अध्ययन गरी सम्बन्धित सरोकारवाला, वडा अध्यक्षको रोहबरमा गाउँपालिकाको अध्यक्षले सम्झौता गर्न सक्ने छ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको अनुमति वा स्वीकति रद्द भएको अवस्थामा गाउँपालिकाले कुनै रकम लिन बाँकी भएमा कानुन बमोजिम असुल उपर गर्न सक्ने छ ।

माद्दी गाउँपालिका, कास्की

## परिच्छेद-११
## अनुमति रद्द हुने अवस्था

**४३. अनुमति रद्द हुने अवस्था**
स्थानीय सरकारले दिएको अनुमति बमोजिम काम नगरेमा, १ बर्ष भित्र निर्माण कार्य वा कुनै पनि व्यवसाय सुरु नगरेमा, बुझाउनु पर्ने स्वत्वाधिकार शुल्क (रोयल्टी) वा भाडा रकम नबुझाएमा, प्रचलित कानुनको उल्लंघन गरेमा अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ ।

**४४. दण्ड सजायको व्यवस्था :**

(क) कुनै पनि कम्पनी, फर्म, र व्यक्तिहरुले गैरकानुनी उद्योग, व्यवसाय र कृषि व्यवसाय गर्न पाउने छैन । यदि गरेको पाएमा शीलबन्दी गरी कानुनी कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउँन सकिने छ ।

(ख) मुद्दाको प्रकृति हेरी कम्पनी, फर्म, र व्यक्तिहरुलाई गाउँपालिकाले कालो सूचीमा राखी न्यायिक समितिले दण्ड जरीवाना गर्न सकिने छ तर अन्य प्रचलित कानुनमा भए सोही बमोजिम कारवाही हुने छ ।

**४५. संशोधन :** (१) यस ऐनलाई संशोधन गर्न आवश्यक ठानिएमा गाउँसभाले संशोधन गर्न सक्ने छ ।

**४६. खारेजी र बचाऊ :** (१)यस ऐनमा लेखिएका व्यवस्थाहरु यसै ऐन बमोजिम हुने छ । यदि प्रदेश र संघको कानुनसँग बाझिएको हदसम्म कानुन बमोजिम हुनेछ ।

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

माढी गाउँपालिका, कास्की